श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१९ सालको ऐन नं. ३८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### छापाखाना र प्रकाशन रजिष्ट्रेशन सम्बन्धी प्रचलित नेपाल कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

**प्रस्तावना:–** सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न निमित्त नेपाल अधिराज्यमा छापाखाना र प्रकाशनहरूको समयानुकूल व्यवस्था गर्न र उचित नियन्त्रण गर्नको लागि छापाखाना र प्रकाशन रजिष्ट्रेशन सम्बन्धमा प्रचलित भैरहेको नेपाल कानूनमा संशोधन तथा एकीकरण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ ।

## परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ:–** (१) यो ऐनको नाम "छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:–** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "छापाखाना" भन्नाले किताब, समाचारपत्र, समाचारपत्रिका वा लिखत-पत्रलाई धेरै प्रति निकाल्ने साधन सम्झनु पर्दछ । यस शब्दले छाप्ने मेशीन, टाइप, लिथो गर्ने मेशीन, सबै कलहरू, ज्यावल, कार्यालय, त्यसको हिस्साहरू समेतलाई जनाउँछ ।

४४५ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "समाचारपत्र" भन्नाले सम्पूर्ण वा अधिक अंशमा सरकार, राजनीतिक, सार्वजनिक कार्य तथा अन्य प्रचलित विषयको क्षेत्रमा वर्तमान घटनाहरूको लिखित समाचारको प्राथमिक सूत्रको काम दिने सार्वजनिक रूपमा बिक्री हुने पत्र सम्झनु पर्दछ ।

(ग) "किताब" भन्नाले जुनसुकै भाषामा समग्र अथवा खण्ड खण्ड रूपमा छापिएको वा यन्त्रद्वारा निकालिएको वा लिथो भएको प्रत्येक पुस्तक, पुस्तिका, पर्चा, विवरणपत्र, स्वरलिपि, नक्शा, मानचित्रसमेतलाई जनाउँछ ।

(घ) "लिखतपत्र" भन्नाले चित्र, नक्शा, फोटो अथवा अरू कुनै प्रत्यक्ष चित्रणलाई जनाउँछ ।

(ङ) "समाचारपत्रिका" भन्नाले सार्वजनिक खबर वा त्यसको आलोचना भएको तर समाचारपत्रमा नगनिने समाचार सम्बन्धी पत्र सम्झनु पर्दछ ।

(च) "स्थानीय पदाधिकारी" भन्नाले बडाहाकिम वा मेजिष्ट्रेट वा श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको कुनै पदाधिकारी सम्झनुपर्छ ।

(छ) "सम्पादक" भन्नाले कुनै किताब वा समाचारपत्र, समाचारपत्रिकामा प्रकाशित हुने सामग्रीहरू छान्ने नियन्त्रण गर्ने व्यक्ति सम्झनु पर्दछ । यस शब्दले कायम मुकायम सम्पादकलाई समेत जनाउँछ ।

(ज) "मुद्रक" भन्नाले छापाखाना धनी आफैले सञ्चालन गरेको भए निजै वा छापाखाना धनीद्वारा वा छापाखाना कम्पनीद्वारा छापाखानाको सञ्चालनको लागि नियुक्त भएको व्यक्ति सम्झनु पर्दछ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद–२

### छापाखाना, समाचारपत्र, समाचारपत्रिका र किताबको दर्ता

३. **छापाखाना दर्ता गर्ने:**– (१) नेपाल अधिराज्यभित्र कुनै ठाउँमा छापाखाना राख्न चाहने छापाखाना धनीले त्यस्तो छापाखाना राख्न चाहेको ठाउँको ठेगानासमेतको सबै विवरण दुरुस्त खुलाई तोकिएको ढांचामा स्थानीय पदाधिकारीकहां दरखास्त दिनुपर्दछ ।

(२) उप–दफा (१) बमोजिम दरखास्त परेपछि त्यस्ता छापाखाना धनीलाई तोकिएको ढांचा बमोजिमको कागज गराई स्थानीय पदाधिकारीले प्रमाणपत्र दिनेछन् ।

(३) उप–दफा (२) बमोजिम प्रमाणपत्र दिइएको छापाखानाहरूको संक्षिप्त तथा स्पष्ट व्यहोरा उल्लेख गरी लगत राख्न एउटा दर्ता किताब राखिने छ र त्यस्तो किताबमा प्रमाणपत्र दिइएको सबै छापाखानाहरूको सिलसिला मिलाई दुरुस्त राखिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (१) बमोजिम दिइएको विवरणमा कुनै अदलबदल भएमा त्यस्तो प्रत्येक अदलबदल भएको कुरा छापाखाना धनीले स्थानीय पदाधिकारीकहां तुरुन्तै सूचना गर्नुपर्दछ र त्यस्तो सूचना प्राप्त भएमा स्थानीय पदाधिकारीले पनि उप–दफा (३) बमोजिम खडा गरिएको दर्ता किताबको सम्बन्धित छापाखाना उल्लेख भएको पानामा त्यस्तो अदलबदलको समय र विवरणसमेत उल्लेख गरी जनाई राख्नेछन् ।

४. समाचारपत्र, समाचारपत्रिका दर्ता गर्नेः– (१) नेपाल अधिराज्यभित्र कुनै समाचारपत्र, समाचारपत्रिका छापी प्रकाश गर्न चाहने प्रकाशकले त्यस्तो समाचारपत्र, समाचार-पत्रिका प्रकाशित हुने ठाउँको ठेगाना, सम्पादक, मुद्रकको नाम ठेगानासमेत दुरुस्त खुलाई तोकिएको ढांचामा स्थानीय पदाधिकारीकहां दरखास्त दिनुपर्दछ ।

(२) उप–दफा (१) बमोजिम दरखास्त परेपछि त्यस्ता प्रकाशकलाई तोकिएको ढांचा बमोजिमको कागज गराइसकेपछि स्थानीय पदाधिकारीले प्रमाणपत्र दिनेछन् ।

(३) उप–दफा (२) मा उल्लेख भएको कागजको अतिरिक्त यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही श्री ५ को सरकारबाट तोकेको आवश्यक शर्तहरू पनि पालन गर्नुपर्ने गरी स्थानीय पदाधिकारीले कागज गराउन सक्नेछ ।

(४) उप–दफा (२) बमोजिम प्रमाणपत्र दिइएको समाचारपत्र र समाचार पत्रिकाको संक्षिप्त तथा स्पष्ट व्यहोरा उल्लेख गरी छुट्टा छुट्टै लगत राख्न दर्ता किताब राखिनेछ र त्यस्तो किताबमा प्रमाणपत्र दिइएको सबै समाचारपत्र, समाचारपत्रिका-हरूको सिलसिला मिलाई दुरुस्त गरी राखिनेछ ।

(५) उप–दफा (१) बमोजिम दिइएको विवरणमा कुनै अदलबदल भएमा त्यस्तो प्रत्येक अदलबदल भएको कुरा समाचारपत्र, समाचारपत्रिकाको प्रकाशकले स्थानीय पदाधिकारीकहां तुरुन्तै सूचना गर्नुपर्दछ र त्यस्तो सूचना प्राप्त भएमा स्थानीय पदाधि-कारीले पनि उप–दफा (४) बमोजिम खडा गरिएको दर्ता किताबको सम्बन्धित समाचारपत्र वा समाचारपत्रिकाका उल्लेख भएको पानामा त्यतो अदलबदलको समय र विवरण–समेत उल्लेख गरी जनाई राख्नेछन् ।

५. किताब दर्ता गर्नेः– (१) नेपाल अधिराज्यभित्र छापिएको वा लिथो भएको प्रत्येक किताबको सो साथमा कुनै नक्शा वा चित्र संलग्न रहने भएमा सोसमेत संलग्न राखी अरू प्रकाशित हुने अत्युत्तम प्रति सरह कागज भएको, मुद्रण गरिएको, रंगाइएको र तयार पारिएको रूपमा छापाखानाबाट निस्की वितरण हुनु अघि सो किताबको प्रकाशक वा लेखक वा सम्पादकसंग जे जस्तो शर्त भएको भए पनि मुद्रकले दुई प्रति बिना मूल्यमा स्थानीय पदाधिकारीकहां बुझाउनुपर्दछ र त्यसको भरपाई ली राख्नुपर्दछ । प्रकाशकले पनि सो बमोजिम मुद्रकले बुझाउन निमित्त आवश्यक पर्ने नक्शा, चित्र इत्यादि सबै कुरा समयमा नै उपलब्ध गराइदिनुपर्दछ । छापाखानाबाट निस्केको वर्ष दिनभित्रमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकारलाई अर्को एक वा दुई प्रति आवश्यक परेमा मुद्रकले त्यस्तो किताबको मांग भए बमोजिमको एक वा दुई प्रति विना मूल्यमा महीना दिनभित्र श्री ५ को सरकारमा बुझाउनुपर्दछ ।

(२) उप-दफा (१) बमोजिम प्राप्त भएको किताबहरूको लगत राख्न एउटा दर्ता किताब राखिनेछ र त्यस्तो दर्ता किताबमा प्राप्त भएको सबै किताबहरूको देहायका कुराहरू उल्लेख गरी स्थानीय पदाधिकारीले दुरुस्त गरी राख्नेछन्:-

(क) किताबको नाम र मुखपृष्ठमा छापिएको व्यहोरा (नेपाली भाषामा नभए उल्था गरी नेपाली भाषामा राख्ने),

(ख) किताब लेखिएको भाषा,

(ग) किताब वा त्यसको भागको लेखक, अनुवादक वा सम्पादकको नाम,

(घ) किताबको विषय,

(ङ) मुद्रण गरिएको र प्रकाशन गरिएको स्थान,

(च) मुद्रण वा मुद्रण गर्ने संस्था र प्रकाशकको वा प्रकाश गर्ने संस्थाकोनाम,

(छ) छापाखानाबाट निकालिएको वा प्रकाश गरिएको मिति,

(ज) पृष्ठ संख्या,

(झ) आकार,

(ञ) कुन संस्करण हो,

(ट) सो संस्करणमा निकालिएको प्रति,

(ठ) छापिएको वा लिथो भएको,

(ड) प्रतिकापीको बिक्री मूल्य,

(ढ) कपिराइट पाउने व्यक्तिको नाम र ठेगाना ।

## परिच्छेद-३

### समाचारपत्र, समाचारपत्रिका र किताबको सम्बन्धमा व्यवस्था

६. समाचारपत्र, समाचारपत्रिकाको प्रकाशक नेपाली नागरिक हुनुपर्ने:- नेपाल अधिराज्यभित्र मुद्रित हुने वा प्रकाशित हुने समाचारपत्र, समाचारपत्रिकाको प्रकाशक नेपाल अधिराज्यको नागरिक हुनु अनिवार्य हुनेछ ।

७. समाचारपत्र, समाचारपत्रिकाको आकार, पृष्ठ संख्या र प्रतिसंख्या नघटाई निकाल्नुपर्ने:-

(१) समाचारपत्र, समाचारपत्रिकाको प्रकाशकले समाचारपत्र र समाचारपत्रिकाको प्रत्येक संस्करण तोकिए बमोजिमको आकार तथा पृष्ठसंख्यामा छापी तोकिए बमोजिम प्रतिसंख्यामा नघटाई निकाल्नुपर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) बमोजिम निकाल्दा दफा ४ को उप–दफा (३) मा लेखिए बमोजिम कागज गरेको भए प्रकाशकले सो बमोजिमको शर्तहरूसमेत पालन गर्नुपर्छ।

८. समाचारपत्र, समाचारपत्रिका दाखिल गर्नेः– नेपाल अधिराज्यभित्र मुद्रित हुने वा प्रकाशित हुने समाचारपत्र र समाचारपत्रिकाको प्रकाशकले छाप्नेवित्तिकै छापिएको समाचारपत्र वा समाचारपत्रिकाको दुई प्रति विनामूल्यमा स्थानीय पदाधिकारीकहां बुझाउनुपर्दछ।

९. समाचारपत्र, समाचार पत्रिकामा उल्लेख गर्नुपर्नेः– प्रत्येक समाचारपत्र समाचारपत्रिकाको प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम तोकिए बमोजिम स्पष्ट बुझिने गरी छापिएको हुनुपर्दछ।

१०. किताबमा उल्लेख गर्नुपर्नेः– प्रत्येक किताबको प्रकाशक, सम्पादक वा लेखक वा अनुवादक, मुद्रक, छापाखाना र कपिराइट पाउने व्यक्तिसमेत सबैको पूरा नाम संस्करणको संख्या र सो संस्करणमा छापिएको प्रति तथा बिक्री हुने मूल्य तोकिए बमोजिम स्पष्ट बुझिने गरी छापिएको हुनुपर्दछ।

११. मुद्रक वा प्रकाशकले काम छाडे पछिः– समाचारपत्र वा समाचारपत्रिकाको कुनै प्रकाशक वा मुद्रक वा सम्पादकले सो आफूले गर्ने गरेको काम गर्न छाडेमा त्यस्ता व्यक्तिले लिखित रूपमा स्थानीय पदाधिकारीलाई सूचना गर्नुपर्दछ।

१२. नगरेको काम बापत नाम प्रकाशित भएमाः– कुनै व्यक्तिको नाम सम्पादक, प्रकाशक, मुद्रक भनी कुनै किताब वा समाचारपत्र वा समाचारपत्रिकामा प्रकाशित भएको रहेछ र सो काम निजले गरेको होइन भने त्यस्तो प्रकाशित भएको भन्ने थाहा पाएको ३५ दिनभित्र स्थानीय पदाधिकारीकहां जुन व्यहोराबाट आफ्नो नाम छापिन गएको छ सो कुरालाई खण्डन गरी सूचना दिनुपर्दछ। त्यस्तो सूचना प्राप्त भएपछि जो बुझ्नुपर्ने बुझी निजले सो काम नगरेको भन्ने स्थानीय पदाधिकारीले ठहराएमा सो मुताबिकको प्रमाणपत्र दिनु–पर्दछ।

१३. हिसाब किताबको स्रेस्ता राख्नुपर्नेः– (१) प्रत्येक समाचारपत्र, समाचारपत्रिकाको प्रकाशकले तोकिएको ढांचामा आफ्नो आम्दानी खर्चसमेत दुरुस्त देखिने गरी स्रेस्ता राख्नुपर्दछ।

(२) उप–दफा (१) बमोजिमको स्रेस्ता श्री ५ को सरकारबाट सो कामको निमित्त खटिएको व्यक्तिले जुनसुकै समय पल्टाउन वा जांच्न सक्नेछ।

(३) कसैले उप–दफा (१) बमोजिम स्रेस्ता दुरुस्त नराखेमा श्री ५ को सरकारले त्यस्तो समाचारपत्र, समाचारपत्रिका बन्द गराउन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-४

### दण्ड सजाय

१४. प्रमाणपत्र नलिई छापाखाना राखेमाः- कसैले दफा ३ अनुसार प्रमाणपत्र नलिइकन छापाखाना राखेमा निजलाई स्थानीय पदाधिकारीको तजवीजले बढीमा दुई हजार रुपैयांसम्म दण्ड वा ६ महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

१५. प्रमाणपत्र नलिई समाचारपत्र वा समाचारपत्रिका प्रकाशन गरेमाः- कसैले दफा ४ अनुसार प्रमाणपत्र नलिइकन समाचारपत्र वा समाचारपत्रिकाको प्रकाशन गरेमा निजलाई स्थानीय पदाधिकारीको तजवीजले बढीमा दुई हजार रुपैयांसम्म दण्ड वा ६ महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

१६. झुट्ठा विवरण दिएमाः- दफा ३ र ४ अनुसार दिइएको विवरणमा कसैले जानी जानी गल्ती विवरण दिएको ठहरे निजलाई स्थानीय पदाधिकारीको तजवीजले बढीमा दुई हजार रुपैयांसम्मदण्ड वा ६ महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

१७. किताब नबुझाएमाः- कसैले दफा ५ अनुसार बुझाउनुपर्ने किताब नबुझाएमा निजलाई स्थानीय पदाधिकारीले तीस दिनभित्र बुझाउन ल्याउनु भनी म्याद तोकी आदेश दिनेछ । सो म्यादभित्र नबुझाएमा त्यस्तो प्रत्येक आदेश उल्लंघन गरे बापत बढीमा पचास रुपैयांसम दण्ड हुनेछ ।

१८. समाचारपत्र वा समाचारपत्रिका दाखिल नगरेमाः- कसैले दफा ८ अनुसार दाखिल गर्नुपर्ने समाचारपत्र वा समाचारपत्रिका दाखिल नगरेमा निजलाई स्थानीय पदाधिकारीले तीस दिनभित्र बुझाउन ल्याउनु भनी म्याद तोकी आदेश दिनेछ । सो म्यादभित्र नबुझाएमा त्यस्तो प्रत्येक आदेश उल्लंघन गरे बापत बढीमा पच्चीस रुपैयांसम्म दण्ड हुनेछ ।

१९. उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगरेमाः-कुनै मुद्रक वा प्रकाशकले दफा ९ र १० अनुसार कुनै समाचारपत्र वा समाचारपत्रिका वा किताबमा उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगरेमा त्यस्ता मुद्रक वा प्रकाशकलाई बढीमा एक हजार रुपैयांसम्म दण्ड वा तीन महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

२०. अपीलः- यस परिच्छेद अन्तर्गत स्थानीय पदाधिकारीले दिएको सजायको आदेश उपरको अपील सर्वोच्च अदालतमा लाग्नेछ ।

## परिच्छेद-५

### विविध

२१. नक्कल दिनेः- कसैले यस ऐन अन्तर्गत कुनै छापाखाना धनी वा प्रकाशकको दरखास्त वा स्थानीय पदाधिकारीबाट दिइएको प्रमाणपत्र हेर्न चाहेमा निजले दुई रुपैयां दस्तूर तिरी हेर्न र पांच रुपैयां दस्तूर तिरी रीतपूर्वकको नक्कल सारी लिन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. प्रमाण लाग्न सक्ने:– दफा २१ अनुसार दिइएको रीतपूर्वकको नक्कल जुनसुकै मुद्दामा पनि सो कागजमा उल्लेख भएको व्यक्तिको परिचयको रूपमा मात्र प्रमाण लाग्न सक्नेछ ।

२३. कुनै छापाखाना वा किताब वा समाचारपत्र वा समाचारपत्रिकाको सम्बन्धमा श्री ५ को सरकारको अधिकार:– श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको कुनै खास छापाखाना वा किताब वा समाचारपत्र वा समाचारपत्रिकाको संबन्धमा यो ऐन बमोजिम गरिरहन नपर्ने गर्न सक्तछ ।

२४. अदालती कारवाइमा बन्देज:– यो ऐन बमोजिम भए गरेको काममा दफा २० मुताबिक सर्वोच्च अदालतले अपील हेर्ने बाहेक अरू कुनै कुराको सम्बन्धमा कुनै अदालतमा पनि उजूर निवेदन इत्यादि लाग्ने छैन ।

२५. इजलासमा कागज गर्ने:– यस ऐन बमोजिम गर्नुपर्ने कागज स्थानीय पदाधिकारीको सन्मुखमा निजको इजलासमा गर्नुपर्दछ ।

२६. यो ऐन लागू हुनुभन्दा अघिको प्रमाणपत्रको मान्यता:– यो ऐन लागू हुनुभन्दा अघि प्रचलित नेपाल कानून बमोजिम कुनै छापाखाना धनी वा प्रकाशकलाई दिइएको प्रमाणपत्र श्री ५ को सरकारले अन्यथा आदेश दिएमा बाहेक यस ऐनको व्यवस्था मुताबिक दिए सरह मानिनेछ ।

२७. नियम बनाउने अधिकार:– (१) यो ऐनको उद्देश्य कार्यान्वित गर्नको लागि श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

(२) कसैले यस ऐन अन्तर्गत बनेको नियम बर्खिलाप काम गरेमा निजलाई स्थानीय पदाधिकारीले बढीमा एक सय रुपैयांसम्म दण्ड गर्न सक्नेछ ।

२८. खारेजी:– देहायका ऐनहरू खारेज गरिएको छ:–

(क) छापाखाना र प्रकाशन रजिष्ट्रेशन सम्बन्धी ऐन, २००८ र सो ऐनमा समय समयमा भएका संशोधनहरू,

(ख) मुलुकी ऐन अदलको महलको ३१ नम्बर ।

इति सम्वत् २०१९ साल गते रोज शुभम् ।

लालमोहर सदर मितिः– २०१९।९।२९।१ मा

आज्ञाले–

विनोदप्रसाद घिताल,

श्री ५ को सरकारको सह–सचिव,

कानून तथा न्याय मन्त्रालय ।

गोरखापत्र छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।